# मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०७६

भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

नेपाल

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०७६

__प्रस्तावना:__ कृषि क्षेत्रलाई उत्पादन, आम्दानी र रोजगारीको माध्यमबाट आकर्षक क्षेत्रको रुपमा विकास गर्न शिक्षित युवाहरुलाई कृषि पेशामा आकर्षित गरी प्रदेश भित्रै स्वरोजगार श्रृजना र व्यवसायिक तथा अर्ध-व्यवसायिक कृषकहरुलाई थप प्रोत्साहन गरी कृषि पेशालाई सम्मानित र व्यवसायिक बनाउन कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लिखित उत्कृष्ट कृषक, कृषक समूह कृषि फर्म सहकारी संस्थालाइ पुरस्कार कार्यक्रम कार्यान्वयन गर्न बाञ्छनीय भएकोले मन्त्रालयले **मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम संचालन कार्यविधि, २०७६** तयार गरेको छ ।

परिच्छेद–१

__प्रारम्भिक__

१. __संक्षिप्त नाम र प्रारम्भ:__ (१) यस कार्यविधिको नाम "**मुख्यमन्त्री उत्कृष्ट कृषक** पुरस्कार कार्यक्रम संचालन कार्यबिधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. __परिभाषा:__ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय अन्तर्गतका निकायलाई सम्झनु पर्छ।

(ग) "व्यवसायी" भन्नाले कृषि पेशामा आवद्ध भई ब्यवसायिक रुपमा कृषि बाली, पशुपंक्षी, माछा, मौरीपालन तथा जडिबुटी लगायतका कृषि व्यवसाय गर्ने कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(घ) "कृषक" भन्नाले कृषि पेशामा आवद्ध भई ब्यवसायिक रुपमा कृषि बाली, पशुपंक्षी, माछा, मौरीपालन तथा जडिबुटी लगायतका कृषि व्यवसाय गर्ने कृषि उद्यमी र निजी फार्म समेतलाई समेत सम्झनु पर्छ ।

(ङ) "कृषक समुह" भन्नाले १५ देखि २५ जना कृषकहरु मिलेर आधिकारिक निकायमा दर्ता भएको समुहलाई सम्झनु पर्छ ।

(च) "मुख्यमन्त्री उत्कृष्ट पुरस्कार कार्यक्रम" भन्नाले कृषक, कृषक समूह, कृषि फर्म, सहकारी संस्थालाई प्रदान गरीने उत्कृष्ट पुरस्कार कार्यक्रम सम्झनु पर्छ।

(छ) "निवेदन" भन्नाले उत्कृष्ट पुरस्कार प्राप्त गर्न कृषक, कृषक समूह कृषि फर्म, सहकारी संस्थाले पेश गरेको आवेदन समेतलाई सम्झनु पर्दछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

## परिच्छेद-२
## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमः** मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम देहायनुसार हुनेछ :-

(१) प्रत्येक स्थानिय तह स्तरमा कृषि तथा पशुपन्छि तर्फ छुट्टाछुट्टै १/१ जना महिला र पुरुष कृषकलाई उत्कृष्ट पुरस्कारबाट कूल चार जनालाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कृषकहरु मध्येबाट जिल्लास्तरमा कृषि तथा पशुपन्छि तर्फ छुट्टाछुट्टै १/१ जना महिला र पुरुष कृषकलाई उत्कृष्ट पुरस्कारबाट कूल चार जनालाई परस्कृत तथा सम्मान गरिनेछ।

(३) जिल्ला स्तरबाट उत्कृष्ट पुरस्कारबाट सम्मानित कृषकहरुमध्येबाट प्रदेशस्तरमा मुल्याङ्कन तथा छनौट गरी कृषि तथा पशुपन्छि उत्पादक नायक र नायिकाको रुपमा मुख्यमन्त्री उत्कृष्ट पुरस्कारबाट दुई जना कृषकलाई पुरस्कृत तथा सम्मान गरिनेछ ।

(४) जिल्लास्तरमा कृषि तथा पशुपन्छि तर्फ छुट्टाछुट्टै १/१ वटा कृषक समुह र कृषि सहकारी र अन्य सहकारीहरु मध्येवाट १/१ वटा सहकारीलाई उत्कृष्ट पुरस्कारबाट कूल ४ वटा कृषक समूह र सहकारीलाई पुरस्कृत तथा सम्मान गरिनेछ।

(५) उपदफा (४) बमोजिम जिल्लास्तरवाट १/१ वटा कृषि सहकारी र अन्य सहकारी छनौट प्रकृया जिल्लास्थित कृषि विकास कार्यालयवाट गरिनेछ भने समुहको हकमा एक पशु तर्फ पशु अस्पताल तथा पशुसेवा कार्यालय र कृषि तर्फ एक जिल्ला कृषि विकास कार्यालयवाट गरिनेछ ।

(६) उपदफा (४) बमोजिम पुरस्कृत कृषक समुह, सहकारीहरु मध्येबाट प्रदेशस्तरमा मूल्याङ्कन तथा छनौट गरी एक/एक वटा कृषक समुह, सहकारीलाई सर्वोत्कृष्ट पुरस्कारबाट पुरस्कृत तथा सम्मान गरिनेछ।

(७) यस आ.व. भन्दा अघि यस पुरस्कारवाट पुरस्कृत हुने कृषक, समूह र सहकारीहरुलाई पुन पुरस्कृत गरिने छैन ।

(८) उपदफा (३) र (६) बमोजिम प्रदेशस्तरमा मूल्याङ्कन तथा छनौट सम्भव भए सम्म सोहि आ.व.मा र नभए आगामी आ.व.को प्रथम चौमासिक अबधिमा सम्पन्न गरि पुरस्कृत तथा सम्मान गरिने छ ।

४. **सूचना प्रवाह र आवेदन सङ्कलनः** जिल्ला स्थित कृषि विकास कार्यालय र पशुअस्पताल तथा पशुसेवा कार्यालयहरुले छुट्टाछुट्टै उत्कृष्ट उत्पादक कृषक नायक, नायिका, कृषक समुह, कृषि सहकारीलाई उत्कृष्ट पुरस्कारका लागि सूचना प्रवाह र आवेदन सङ्कलन देहायनुसार हुनेछ :-

१) उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागी हुन कार्यालयले ७ (सात) दिनको म्याद दिई नियमानुसार प्रक्रिया पुऱ्याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नु पर्नेछ । यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत प्रचार प्रसार गर्न सकिनेछ ।

२) सहभागी हुन चाहने व्यवसायिक कृषक, कृषक समूह/सहकारी, तथा निजी फार्महरुले कार्यालयले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको कृषकले अनुसूची-२ र अनुसूची ३(क) र कृषक समुह/सहकारीले अनुसूची-२ र अनुसूची ३(ख) अनुसारको ढाँचामा उत्पादन उत्पादकत्व तथा रोजगारीमा दिएको योगदान स्पष्ट हुने गरी आवेदन पेश गर्नु पर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद आर्य
सचिव

आ.विमला के.सी.
मन्त्री

५. <u>स्थानियस्तर निवेदन मूल्याङ्कन तथा छनौटः</u> (१) कृषकबाट पेश भएका निवेदन व्यावसायिक बाली, पशुपन्छी तथा मत्स्यपालनको संख्या, क्षेत्रफल र उत्पादनलाई आधार मानी अनुसूचि -४ र अनुसूची-५(क) मा उल्लिखित मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिश गर्ने कार्य देहाय अनुसारको **स्थानियस्तर मूल्याङ्कन तथा छनौट समितिले** गर्नेछ ।

(क) कृषि क्षेत्र हेर्ने कार्यपालिका सदस्य -संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) महिला तथा बालबालिका विकास शाखा प्रमुख -सदस्य

(घ) कृषि /पशु विकास शाखा प्रमुख -सदस्य

(ङ) कृषि तथा पशु विकास शाखा सदस्य सचिव

नोटः- कृषि तर्फको मुल्याङ्कन तथा छनौट समितिमा कृषि शाखाको प्रमुख सदस्य-सचिव र पशुविकास तर्फकोमा पशुविकास शाखाको प्रमुखले सदस्य-सचिवको काम गर्नु पर्नेछ ।

(२) समितिले आवश्यकता अनुसार बैठकमा वढीमा ३ जना विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

६. <u>पालिकास्तर/ स्थानिय स्तर मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकारः</u> पालिकास्तर मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार देहायनुसार हुनेछ ।

(१)स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त निवेदन उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्ने ।

(२)आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेशगर्नुपर्नेछ ।

(३)समितिले समग्र विषय वस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त निवेदनहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

७. <u>जिल्लास्तर निवेदन मूल्याङ्कन तथा छनौटः</u> (१) कृषक, निजी फार्म, कषक समुह र सहकारीबाट पेश भएका निवेदन जिल्लाका लागि तोकिएका प्राथमिक व्यावसायिक बाली, पशुपन्छी तथा मत्स्यपालनको संख्या, क्षेत्रफल र उत्पादनलाई आधार मानी अनुसूचि -४, अनुसूची-५(क) र अनुसूची-५(ख) मा उल्लिखित मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिश गर्ने कार्य उपदफा (२) अनुसारको **जिल्लास्तर मूल्याङ्कन तथा छनौट समितिले** गर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

आ.विमला के.सी.
मन्त्री

(२) उपदफा १ बमोजिमको **जिल्लास्तर मूल्याङ्कन तथा छनौट समिति** कृषि तर्फको वालीबस्तुका लागि जिल्ला स्थित कृषि विकास कार्यालयको प्रमुख संयोजक र पशुअस्पताल तथा पशुसेवा कार्यालयको प्रमुख सदस्य र पशुपन्छी तर्फ पशुअस्पताल तथा पशुसेवा कार्यालयको प्रमुख संयोजक र कृषि विकास कार्यालयको प्रमुख सदस्य र दुवैमा जिल्ला सहकारी संघ र जिल्ला कृषि सहकारी संघबाट एक/एक जना सदस्य र संयोजकले तोकेको व्यक्ति सदस्य सचिव रहने गरी समिति गठन गरिनेछ

(३) समितिले आवश्यकता अनुसार बैठकमा बढीमा ३ जना विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

८. __जिल्लास्तर मूल्याङ्कन तथा छनौट समितिको काम, कर्तव्य र अधिकार:__ जिल्लास्तर मूल्याङ्कन तथा छनौट समितिको काम कर्तव्य र अधिकार देहायनुसार हुनेछ ।

(१)स्थलगत अध्ययन, अवलोकन गरी प्राप्त निवेदन उपर प्राविधिक र आर्थिक दृष्टिकोणले विश्लेषण र मूल्याङ्कन गर्ने ।

(२)आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेशगर्नुपर्नेछ ।

३) समितिले समग्र विषय वस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त निवेदनहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट प्रकाशन गर्नेछ ।

**(३)** __जिल्ला स्तरीय उत्कृष्ट कृषक, कृषक समूह, कृषि सहकारी घोषणा एवं पुरस्कार वितरण:__ (१) जिल्लास्तर मूल्याङ्कन तथा छनौट समितिको मूल्याङ्कन प्रतिवेदनको आधारमा कार्यालयहरुले चारजना कृषक,(२ जना कृषि तर्फ र दुई जना पशुसेवा तर्फ) दुई वटा कृषक समुह (एक जना कृषि तर्फ र एक जना पशुपन्छि तर्फ) र दुई सहकारी (एक कृषि सहकारी र एक अन्य सहकारी)लाई जिल्लाको उत्कृष्ट घोषणा गर्नेछ र पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरी नगद र प्रमाण-पत्र सहित सम्मान गरिनेछ ।

(२) कार्यालयले मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित हुने कृषक, समुह र सहकारीहरुलाई जानकारी गराई पुरस्कार वितरण एवं सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ ।

(३) जिल्लास्तरमा पुरस्कृत एवं सम्मानित उत्कृष्ट कृषक, कृषक समूह, सहकारीहरुलाई मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार एवं सम्मानको लागि सिफारिस साथ सम्पूर्ण विवरणहरु मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) __प्रदेश स्तरमा मूल्याङ्कन तथा छनौट :__ (१) जिल्लास्तरबाट सिफारिस साथ प्राप्त उत्कृष्ट कृषक, कृषक समूह र सहकारीको सम्पूर्ण विवरणको आधारमा प्रदेशस्तरमा मुख्यमन्त्री सर्वोत्कृष्ट उत्पादक कृषक नायक, नायिका पुरस्कार, उत्कृष्ट समूह, सहकारी र सर्वोत्कृष्ट तथा उत्कृष्ट कर्मचारीको छनौटका लागि अनुसूचि -४, अनुसूची-५(क), अनुसूची-५(ख) र अनुसूची-७ मा उल्लिखित मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिश गर्ने कार्य देहाय अनुसारको **प्रदेशस्तर मूल्याङ्कन तथा छनौट समितिले** गर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

डा.विमला के.सी.
मन्त्री

(क) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, संयोजक

(ख) सचिव/प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सदस्य

(ग) सचिव/प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय, सदस्य

(घ) प्रमुख, कृषि विकास निर्देशनालय सदस्य

(ङ) निर्देशक, पशुपन्छी विकास निर्देशनालय सदस्य

(च) प्रमुख, योजना महाशाखा, मन्त्रालय सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार बैठकमा विज्ञहरुलाई आमन्त्रण गर्न सक्नेछ । समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(३) समितिले आवश्यकता अनुसार आफ्नो काम कारवाहीलाई वस्तुपरक बनाउन समितिका सदस्यहरु मध्येबाट एक जना संयोजक र बढीमा २ जना सदस्य रहेको उप-समिति गठन गरी मूल्याङ्कन प्रतिवेदन लिन सक्नेछ । उप-समितिको बैठक बस्नु परेमा बढीमा दुई वटा बैठकबाट कार्य सम्पादन गर्नुपर्नेछ ।

(५) **प्रदेशस्तर मूल्याङ्कन तथा छनौट समितिको** काम कर्तव्य र अधिकार देहायनुसार हुनेछ :-

(१)जिल्लास्तरबाट सिफारिस साथ प्राप्त उत्कृष्ट कृषकको सम्पूर्ण विवरणको विश्लेषण र मूल्याङ्कन गर्ने । आवश्यक परेमा स्थलगत अध्ययन, अवलोकन गरी फिल्ड भेरिफिकेसन गर्ने ।

(२)आवश्यकता अनुसार उप-समितिलाई छनोट सम्बन्धी अधिकार बाहेक अन्य अधिकारहरु प्रत्यायोजन गर्न सक्नेछ। प्रत्यायोजित अधिकार वमोजिमको कार्य सम्पादन गरी समिति समक्ष आवश्यक राय तथा सिफारिस सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(३)समितिले समग्र विषय वस्तुको अध्ययन र विश्लेषण गरी उपयुक्त कृषक, कृषक समूह, सहकारीहरुको योग्यताक्रम लिष्ट तयार गरी अन्तिम लिष्ट तयार गरि सिफारिस साथ मन्त्रालयमा पेश गर्ने ।

(६) **प्रदेशस्तर उत्कृष्ट कृषक घोषणा कार्यक्रम एवं पुरस्कार वितरणः** (१) प्रदेशस्तर मूल्याङ्कन तथा छनौट समितिको प्रतिवेदनको आधारमा मन्त्रालयले एक जना उत्कृष्ट उत्पादक नायक र एक जना उत्कृष्ट उत्पादक कृषक नायिका घोषणा गर्नेछ ।

(२) मन्त्रालयले मुख्यमन्त्री सर्वोउत्कृष्ट उत्पादक कृषक नायक, नायिका कृषक पुरस्कारबाट सम्मानित हुने कृषकहरुलाई जानकारी गराई पुरस्कार वितरण एवं सम्मान कार्यक्रममा उपस्थितिका लागि आमन्त्रणको व्यवस्था गर्नेछ र पुरस्कार एवं सम्मान गर्ने कार्यक्रम आयोजना गरी नगद र प्रमाण-पत्र सहित सम्मान गर्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

(७) परस्कार विधा तथा राशी :-

| क्र.सं. | पुरस्कार किसिम/विधा | प्रति पुरस्कार राशी रु. | कैफियत |
|---|---|---|---|
| १ | स्थानिय तह स्तरमा कृषि तथा पशुपन्छि तर्फ छुट्टाछुट्टै १/१ जना महिला र पुरुष कृषकलाई उत्कृष्ट पुरस्कारबाट कूल चार जनालाई | १५,०००।- | |
| २ | जिल्लास्तरमा कृषि तथा पशुपन्छि तर्फ छुट्टाछुट्टै १/१ जना महिला र पुरुष कृषकलाई उत्कृष्ट पुरस्कारबाट कूल चार जनालाई | २५०००।- | |
| ३ | जिल्लास्तर उत्कृष्ट कृषक समुह ( प्रति जिल्ला एक कृषि समूह र एक पशुपंक्षी तथा मत्स्यपालन समुह गरी २ ओटा) | ३५,०००।- | |
| ४ | जिल्लास्तर उत्कृष्ट सहकारी (प्रति जिल्ला एक कृषि सहकारी र एक अन्य सहकारी गरी २ ओटा) | ५००००।- | |
| ५ | प्रदेशस्तर उत्कृष्ट कृषक (उत्कृष्ट उत्पादक कृषक नायक र नायिका ( कृषि तर्फ १/१ जना र पशुपन्छी तर्फ १/१ जना गरी) जम्मा ४ जना | १०००००।- | |
| ६ | प्रदेशस्तर सर्वोत्कृष्ट सहकारी (१ वटा कृषि सहकारी र १ वटा अन्य गरी कुल २ वटा) | १५००००।- | |
| ७ | प्रदेशस्तर सर्वोत्कृष्ट समूह ( १वटा कृषि समुह र १ वटा पशुपन्छि समुह गरी कूल २ वटा) | १०००००।- | |

(८) पुरस्कार बितरण कार्यक्रमः (१) पलिकास्तर र जिल्लास्तरमा छनौट भएका उत्कृष्ट कृषक, समूह र सहकारीलाई जिल्लास्तरमा औपचारिक कार्यक्रम आयोजना गरी पुरस्कार वितरण गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जिल्लास्तरमा आयोजना हुने पुरस्कार वितरण कार्यक्रम भौगोलिक विकटता भएका जिल्लाहरु मुगु, हुम्ला र डोल्पाको हकमा पलिकास्तर पुरस्कार सम्बन्धित पालिकाले नै कार्यक्रम आयोजना गरेर वितरण गर्न सकिनेछ ।

(३) प्रदेश स्तर पुरस्कार वितरण कार्यक्रम मन्त्रालयले तोकेको स्थानमा हुनेछ ।

(४) पुरस्कार दिवस समारोहको संचालन खर्च यसै कार्यक्रमका लागि विनियोजित व्यवस्थापन बजेटवाट गरिनेछ ।

परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

(९) **अनुगमन मूल्याङ्कन** : कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

## परिच्छेद-४

## विविध

(१०) **पुरस्कार तथा कार्वाहीको व्यवस्थाः-** उदाहरणीय काम गर्ने उत्कृष्ट कृषि व्यवसायी, कृषिसंग सम्वन्धित सेवा प्रदायक, संघसंस्था, निकायलाई पुरस्कार वितरण समारोहमा कदर-पत्र सहित सार्वजनिक सम्मान गरिनेछ । झुटा विवरण पेश गरी पुरस्कार रकम प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी भविष्यमा त्यस्ता कृषक, कृषक समूह, सहकारीहरुलाइ सरकारी सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

(११) **अमान्य हुनेः** यस कार्यविधिमा व्यवस्था भएका विषयहरु प्रचलित कानुन संग बाझिएमा अमान्य हुनेछ ।

(१२) **बाधा अड्काउ फुकाउनेः**

(१) यस कार्यविधिमा उल्लेख भएका विषय वस्तुका सम्बन्धमा कुनै अस्पस्टता भएमा सो को ब्याख्या मन्त्रालयले निर्णय गरे बमोजिम हुनेछ ।

(२) कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

(३) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची-१

दफा ४ को उप-दफा (१) सँग सम्बन्धित

<u>............................. कार्यक्रममा सहभागी हुन आवेदन आव्हानको सूचना</u>

सूचना । सूचना ।। सूचना ।।।

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७६/७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक, कृषक समूह, सहकारी, निजी फर्ममा आवद्ध ब्यवसायीलाई ................................................................ कार्यक्रम रहेको हुँदा ........................... जिल्लाका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .............दिन भित्र ....................................मा तपसिल अनुसारका कागजात संलग्न गरी आवेदन पेश गर्न हुन अनुरोध छ । थप जानकारीका लागि ............................ कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

<u>आवश्यक कागजात</u>

१. समुह/सहकारी/निजी फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. सम्भव भएसम्म सम्वन्धित स्थानीय तह/वडाको सिफारिस पत्र
३. कृषकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन फोटोकपी
५. सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि
६. मन्त्रालय/कार्यालयले तोकेको अन्य कागजातहरु

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसुची २

दफा ४ को उप-दफा (२) सँग सम्बन्धित

निवेदन ढाँचा

मिति....

विषयः .......................................कार्यक्रममा सहभागी गराई पाउँ ।

श्रीमान् प्रमुख ज्यू

.......................

महोदय

मिति.......................को सार्वजनिक सुचना अनुसारको .....................................कार्यक्रममा सहभागी हुन जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............... नामक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्धमीले रु. १० को टिकट टास गरि अनुसुचीमा संलग्न फारम भरि यो आवेदन पेश गरेका छौ/छु ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

सचिव

आ.विमला के.सी.
मन्त्री

अनुसूचि -३ (क)

कृषकले पेश गर्नुपर्ने निवेदन फाराम नमूना

आवेदकको फोटो

१. कार्यक्रममा सहभागी हुने व्यवसायीको नाम:
२. स्थायी ठेगाना:
३. सम्पर्क नम्बर :
४. श्रोत साधनको विवरण:

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसँग भएको श्रोत साधन | | |
| क) | कुल जग्गाको क्षेत्रफल (लिजमा लिएको जग्गा समेत) | | |
| ख) | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ) | सिंचित क्षेत्रफल | | |
| २. | सिंचाईको श्रोत | | |
| क) | कूलो | | |
| ख) | वोरिङ्ग | | |
| ग) | ईनार | | |
| घ) | कृषि पशुपन्छीजन्य यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

५. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क स | विवरण | इकाई | क्षेत्रफल/परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | तरकारी वाली | | | |
| २ | फलफूल खेती | | | |
| ३ | रैथाने वाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | | | |
| ४ | उन्नत भैसी | | | |
| ५ | उन्नत गाई | | | |
| ६ | बाख्रा | | | |
| ७ | भेडा तथा च्याङ्ग्रा | | | |
| ८ | स्थानिय जातको कुखुरा | | | |
| ९ | नगदेबाली (अलैंची, कफि, उखु | | | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | आदि) | | | |
| १० | खाद्यान्नबाली | | | |
| ११ | दालबाली | | | |
| १२ | तेलबाली | | | |
| १३ | मसलाबाली | | | |
| १४ | माछापालन | | | |
| १५ | मौरीपालन | | | |

६. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छीपालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

७. लगानी स्थिति

| क्र.सं. | खर्चको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छीपालन खर्च | | |
| ४ | प्रशोधन तथा बजारीकरण खर्च | | |
| ५ | औजार उपकरणमा खर्च | | |
| ६ | अन्य खर्च | | |
| ७ | कुल जम्मा खर्च | | |

८. व्यवसायमा भएको लगानीको श्रोत

| क्र.सं. | खर्चको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समुह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| ७ | कुल जम्मा | | |

हरिप्रसाद पाण्डे
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

९. कृषि व्यवसायबाट बार्षिक आम्दानी स्थिती

| क्र.सं. | आम्दानीको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन कार्यबाट | | |
| ३ | पन्छीपालन कार्यबाट | | |
| ४ | कृषि/पशुजन्य उपजको बजारीकरणबाट | | |
| ५ | कृषि व्यवसाय अन्तर्गत अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

१०. निम्न विषयमा सहभागी कृषक दक्षताः

| क्र.सं. | दक्षताको किसिम | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (भएको/नभएको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण जैविक प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन(गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको/नपाएको) | |
| ८ | समुह, सहकारीको सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवको आदन प्रदान (गरेको/नगरेको) | |

११. नयाँ प्रविधिको विकास

१२. खेती प्रणालीमा अपनाईएको नयाँ प्रविधिहरुको विवरण

१३. कृषि व्यवसाय एवं प्रविधिहरुको विस्तृतीकरण (कुनै भएमा)

१४. कृषि व्यवसाय प्रवर्द्धनका भावी योजना (कुनै भएमा)

१५. कृषकको सफलताको कथा

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूचि -३ (ख)

## कृषक समुह/सहकारीले पेश गर्नुपर्ने निवेदन फाराम नमूना

| क सं | कृषक समूह/सहकारीको विवरण | |
|---|---|---|
| 1 | समूह/सहकारीको नाम | |
| २ | ठेगाना | |
| ३ | समूह/सहकारीको किसिम (महिला/पुरुष/मिश्रीत) | |
| ४ | सदस्य संख्या (महिला/पुरुष/जनजाती/अन्य) | |
| ५ | गठन भएको मिति | |
| ६ | निरन्तर रुपमा नियमित बैठक बस्ने गरेको वा नगरेको | |
| ७ | PAN मा दर्ता भएको/ नभएको | |
| ८ | समूह/सहकारीको कार्यालय वोर्ड राखेको/नराखेको | |
| ९ | समूह/सहकारी परिचालन अनुभव | |
| १० | हितकोष सम्वन्धी विवरण | |
| (क) | मासिक बचत रकम प्रति सदस्य | |
| (ख) | संकलित हितकोष रकम रु | |
| (ग) | हितकोष रकम परिचालन स्थिति | |
| (घ) | लगानी रु | |
| | कृषि क्षेत्रमा लगानी | |
| (च) | असुली रु | |
| ११ | समूह/सहकारीले गरेका मुख्य मुख्य कृयाकलापहरु | |
| (क) | जिविकोपार्जनमा सहयोग उल्लेख गर्ने | |
| (ख) | व्यवसायिक कृषि उत्पादनमा संलग्नता | |

| | | |
|---|---|---|
| (ग) | बजारीकरण स्थिति | |
| (घ) | पोष्ट हार्भेष्ट तथा प्रशोधन कार्यमा संलग्नता | |
| (ङ) | आय आर्जनमा सहयोग | |
| (च) | सामाजिक कृयाकलापमा संलग्नता | |
| १२ | समूह/सहकारीले अवलम्वन गरेका नविनतम प्रविधि भए उल्लेख गर्ने | |
| १३ | समूह/सहकारीले अवलम्वन गरेका स्थानिय प्रविधि भए उल्लेख गर्ने | |
| १४ | समूह/सहकारीले अवलम्वन गरेका अन्य कुनै भए उल्लेख गर्ने | |
| १५ | समूह/सहकारीले कुनै निकायवाट अनुदान प्राप्त गरेको कुनै भए उल्लेख गर्ने | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूचि -४

उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागिताका लागि न्यूनतम मापदण्ड (तल तालिकामा उल्लेख भएको मध्ये कुनै एक खेती वा पशुपन्छीपालन भए पनि हुने)

| क.सं. | बाली/वस्तु | क्षेत्रफल/संख्या (न्यूनतम) | कैफियत |
|---|---|---|---|
| १ | अन्न, दलहन, तेलहन बाली | १२ रोपनी | |
| २ | तरकारी, पुष्प तथा मसला वाली | ५ रोपनी, प्लाष्टिक हाउस (२५०० वर्ग फिट) | |
| ३ | च्याउ | २० वटा टनेल (१००० वर्ग फिट) | |
| ४ | अलैंची, अदुवा | १० रोपनी | |
| ५ | आँप, ओखर, कटहर, अनार | १०० फल्ने बोट | |
| ६ | लिचि | १२५ फल्ने बोट | |
| ७ | अम्वा, सुन्तला, जुनार, स्याउ, नास्पाती, आरुवखडा | १५० फल्ने बोट | |
| ८ | स्ट्रवेरी | ४ रोपनी | |
| ९ | किवी, कफी | ८ रोपनी | |
| १० | केरा | १० कठ्ठा | |
| ११ | चिया | ५ रोपनी | |
| १२ | ऊखु | १५ कठ्ठा | |
| १३ | मौरीपालन | १०० आधुनिक घार | |
| १४ | माछापालन | ५ रोपनी | |
| १५ | भेडा बाख्रा | १०० माउ | |
| १६ | बंगुर सुंगुर | ३० माउ | |
| १७ | गाई भैंसी | १५ उन्नत माउ | |
| १८ | कुखुरा | ३००० वटा | |
| १९ | हाँस | १५०० वटा | |
| २० | घाँसखेती | १० रोपनी | |
| २१ | खाद्यान्न वीउ वृद्धि | ८ रोपनी | |
| २२ | तरकारी वीउ वृद्धि | ५ रोपनी | |
| २३ | रैथाने बाली | ७ रोपनी | |

नोटः कम्तिमा ३ वर्षसम्म नेपाल सरकारको अन्य कुनै पनि पुरस्कारबाट सम्मानित नभएको कृषक हुनुपर्नेछ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

अनुसूचि -५ (क)

उत्कृष्ट कृषक पुरस्कारको लागि कृषकले पेश गरेको निवेदन फारामको मूल्याङ्कनका आधारहरु:

| क्र.सं. | विवरण | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | श्रोत साधनको स्थिती एवं सदुपयोग | ५ | |
| २ | कार्य अनुभव तथा स्थानीय समुदायमा अनुभव आदान प्रदान एवं योगदान | १० | |
| ३ | उत्पादन स्थिती/उत्पादकत्व | १५ | |
| ४ | रोजगारी सिर्जनाको स्थिती | १५ | |
| ५ | कृषि व्यवसायमा गरेको आर्थिक लगानीको स्थिती | १० | |
| ६ | कृषि व्यवसायबाट प्राप्त आम्दानी एवं प्रतिफल स्थिती | १० | |
| ७ | प्राविधिकसँगको समन्वय सम्पर्क | ५ | |
| ८ | प्राविधिक ज्ञान र सीप बारे जानकारी एवं प्रयोग स्थिती | १० | |
| ९ | कृषि व्यवसायको दिगोपना स्थिती | १० | |
| १० | सृजनात्मक/नविनतम कार्य गरेको | १० | |
| | कुल जम्मा | १०० | |

नोटः मूल्याङ्कन तथा छनौट समितिले माथि उल्लेखित मापदण्डको आधारमा उपआधारहरु तयार गर्न सक्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

अनुसूचि -५ (ख)

## कृषक समुह/सहकारी मूल्याङ्कन फारम

| क्र.स. | मूल्याङ्कनका आधारहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | समूह/सहकारीको बैठक सञ्चालन र लिइएका निर्णयहरुको कार्यान्वायन | १० | |
| २ | हित कोष स्थापना र परिचालन अवस्था | १० | |
| ३ | श्रोत साधनको स्थिती एवं सदुपयोग | १० | |
| ४ | समूह/सहकारीको पारदर्शिता र अन्य निकायसंग समन्वय | ५ | |
| ५ | समूह /सहकारीको दिगोपना र अभिलेख तथा अन्य विवरण व्यवस्थापन | १० | |
| ६ | समूह/सहकारीले गरेका सेवा/कृयाकलापहरुको प्रभावकारिता तथा सामाजिक योगदान | १० | |
| ७ | कृषि/पशुपालन क्षेत्रमा लगानी | १५ | |
| ८ | समूह/सहकारीको श्रृजनशिलता/नविनतम कार्य | १० | |
| ९ | रोजगारी सिर्जना र आयआर्जनमा बृधि | १५ | |
| १० | साझेदारी /सामुहिक रुपमा क्रियाकलाप | ५ | |
| | कुल जम्मा | | |

नोटः मूल्याङ्कन तथा छनौट समितिले माथि उल्लेखित मापदण्डको आधारमा उपआधारहरु तयार गर्न सक्नेछ ।

**उत्कृष्ट सहकारी संस्था छनौटका लागि सहकारी संस्थाले पुरा गर्नुपर्ने न्युनतम मापदण्डहरुः-**

(क) संस्था स्थापना भएको कम्तीमा ३ वर्ष पूरा भएको,
(ख) संस्थाले आफ्नो कार्य क्षेत्र भित्र मात्र कारोवार गरेको,
(ग) संस्था कम्तीमा २ वर्ष देखि नाफामा सञ्चालन भएको
(घ) भाखा नाघेको ऋणको अंश जम्मा लगानीमा रहेको ऋणको पाँच प्रतिशत भन्दा कम रहेको,
(ङ) बचत तथा ऋण बाहेक अन्य संस्थाको हकमा बचत तथा ऋणको मुख्य कारोवार नगरेको,
(च) सदस्य केन्द्रीत भई व्यवसाय सञ्चालन गरेको,
(छ) संस्थाको काम कारवाही उपर उजुरी परी कारवाहीमा नपरेको,
(ज) सदस्यले संस्थामा गरेको कारोवारको आधारमा संरक्षित पुँजीको वितरण गर्ने गरेको,
(झ) सञ्चालक र लेखा सुपरिवेक्षण समितिको बैठक विनियम बमोजिम नियमित रुपमा बस्ने गरेको,
(ञ) शेयर पुँजी र जगेडा कोषमा रहेको कूल रकमको पन्ध्र गुणा भन्दा बढी बचत संकलन नगरेको,

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला के.सी.
मन्त्री

(ट) सम्पत्ती शुद्धिकरण निवारण सम्बन्धी सहकारी संस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४ को व्यवस्थाहरुको पालना गरेको,

(ठ) सञ्चालक समितिमा महिला सदस्यको प्रतिनिधित्व भएको,

(ड) आन्तरिक कार्यविधि, रणनीतिक तथा व्यवसायिक योजना बनाई संस्था सञ्चालन भएको,

(ढ) लेखा समितिको प्रतिवेदन साधारण सभामा पेश भई पारित भएको,

(ण) कर चुक्ता गरेको

(त) असोज महिना भित्र लेखापरीक्षण र पुष महिना भित्र साधारण सभा सम्पन्न गरेको,

(थ) नियामक निकायमा नियमित रुपमा प्रगति प्रतिवेदन पठाउने गरेको

(द) वित्तिय र बहुउद्देश्यीय संस्थाको हकमा कम्तीमा एक सय, अन्य (उत्पादक, र उपभोक्ता) संस्थाको हकमा कम्तीमा पचास र श्रमिक संस्थाको हकमा कम्तीमा तीस जना शेयर सदस्य भएको।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

राजेन्द्र प्रसाद भारी
सचिव

मा.विमला क.सी.
मन्त्री